# बारबर्दिया नगरसभा सञ्चालन कार्यबिधि २०७४

**बारबर्दिया नगरसभाबाट स्वीकृत मितिः २०७४/०३/३१**

प्रस्ताबना : नेपालको संविधानको धारा २२७ अनुसार प्रदेश कानुन बमोजिम स्थानीय तहको बैठक सञ्चालन कार्यविधि स्वीकृत भई लागु नभए सम्मको लागि नगर सभाको कार्य सञ्चालन गर्न बैठकको सुव्यबस्था कायम राख्न आबश्यक समितिहरुको गठन गर्न र अन्य काम कायरवाही नियमित एवम प्रभावकारी बनाउन बारबर्दिया नगरसभाबाट स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस नियमावलीको नाम बारबर्दिया नगरसभा सञ्चालन कार्यविधि २०७४ रहेछ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि :

(क) संविधान भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(ख) स्थानीय तहभन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा ४ बमोजिमका सम्झनु पर्दछ ।

(ग) सभा भन्नाले नेपालको संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्दछ ।

(घ) कार्यपालिका भन्नाले नगरपालीका सम्झनु पर्छ ।

(ङ.) अध्यक्ष भन्नाले सभाको अध्यक्षलाई सम्झनु पर्छ ।

(च) उपाध्यक्ष भन्नाले नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ ।

(छ) विधेयक भन्नाले स्थानीय कानुनको मसौदा वा कानुनको संशोधन मसौदा समेत सम्झनु पर्छ

(ज) सदस्य भन्नाले नगरपालिकाको प्रमुख, उपप्रमुख कार्यपालिकाको सदस्य वा वडा सदस्य सम्झनु पर्छ ।

(झ) सभाको सचिव भन्नाले नगरपालिकाको कार्यकारी अधिकृत वा अध्यक्षले सभाको सचिव भई काम गर्न तोकेको कर्मचारी समेतलाई सम्झनु पर्छ ।

(ञ) बैठक भन्नाले नगरसभाको अधिवेशन सम्झनु पर्छ । सो शब्दले समितिको बैठक समेतलाई सम्झनु पर्छ ।

(ट) प्रस्ताव भन्नाले सभाको विचारार्थ पेश गरिएको कुनै प्रस्ताव वा सो प्रस्तावसंग सम्बन्धित संशोधन प्रस्ताव समेत सम्झनु पर्छ ।

(ठ) प्रस्तुतकर्ता सदस्य भन्नाले सभाको विधेयक वा प्रस्ताव प्रस्तुतकर्ता सभाको सदस्य सम्झनु पर्छ

(ड) बैठक कक्ष भन्नाले सभाको बैठक कक्ष सम्झनु पर्छ र सो शब्दले बैठक कक्षसंग जोडिएको दर्शकदीर्घा तथा बरण्डा समेतलाई जनाउछ ।

(ढ)बिषयगत शाखा भन्नाले नगरपालिकाको कार्य विभाजन नियमावली बमोजिमको विषयगतशाखा संम्झनु पर्छ ।

(ण) समिति भन्नाले यस कार्यविधि बमोजिम गठन हुने सभाको समिति सम्झनु पर्छ ।

(त) संयोजक भन्नाले यस कार्यविधि बमोजिम गठित समितिको संयोजक सम्झनु पर्छ ।

## परिच्छेद - २
## सभाको बैठक तथा बैठक सञ्चालन सम्बन्धि व्यबस्था

**३. सभाको अबिधेशन बोलाउने :**

**(१)** अध्यक्षले नगरपालिकाको निर्वाचनको अन्तीम परिणाम घोषण भएको मितिले एक महिना भित्र सभाको पहिलो अधिवेशन बोलाउनेछ

तर सभाको एउटा अधिवेशनको समाप्ती र अर्को बैठकको प्रारम्भका बिचको अवधि ६ महिना भन्दा बढी हुने छैन

(२) अध्यक्षले कार्यसुचि बमोजिम सभाको बैठकको संचालन र अन्त्य गर्ने छ ।

(३) सभाको अधिवेशन चालुनरहेको वा बैठक स्थगित भएको अबस्थामा बैठक बोलाउन वाञ्छनीय छ भनी सभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरुले लिखित अनुरोध गरेमा अध्यक्षले त्यस्तो बैठक बस्ने मिति,स्थान तोक्नेछ । त्यसरी तोकीएको मिति,समय र थानमा सभाको अधिवेशन बस्नेछ ।

(४) सभाको अधिवेशन कार्यपालिकाको केन्द्र रहेको स्थानमा अध्यक्षले तोके बमोजिम बस्नेछ ।

(५.) सामान्यतः निर्वाचन पछिको पहिलो अधिवेशनको अवधि बढीमा पन्द्र दिन र सो पछिको प्रत्यक अधिवेशनको अवधि बढीमा सात दिनको हुनेछ ।

(६) उपदफा (१) वा (३) बमोजिम सभाको अधिवेशन बोलाएको सूचना अध्यक्षले सदस्यहरुलाई दिनेछ ।त्यस्तो सूचना आवश्यकतका अनुसार सार्वजनिक सञ्चार माध्यमबाट समेत प्रचार प्रसार गर्नु पर्ने छ ।

### (४) सदस्यहरुको उपस्थिति र आसन :

(१) बैठकमा आसन ग्रहण गर्नु अघि सबै सदस्यले अध्यक्षले तोकेको क्रम अनुसार अधिवेशनको उपस्थिती पुस्तिकामा हस्ताक्षर गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम उपस्थिति सदस्यले अध्यक्षले तोके अनुसारको स्थानमा निर्धारित समय अगावै आप्नो आसन ग्रहण गर्नु पर्नेछ ।

(३)अपांगता भएका सदस्यको हकमा अध्यक्षले निर्धारित गरेको स्थानमा निजले साथमा एक जना सहयोगी आवश्यक भएमा सो को समेत व्यबस्था गर्न सक्नेछ ।

**(५) सभाको गणपुरक संख्या** :

(१) सभामा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा अधिवेशनको लागि गणपुरक संख्या मानिने छ ।

(२) उपदफा (१) बमोजिम गणकपुर संख्या नपुगेमा अध्यक्षले तीन दिन भित्र अर्को बैठकका लागि दफा ३ बमोजिम सूचित गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम आव्हान गरेको अधिवेशनमा गणकपुर संख्या नपुगेमा दुई दिन भित्र अधिवेशन बस्ने गरी दफा ३ बमोजिम सुचना गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम पुनः सूचना गर्दा गणकपुर संख्या नपुगेमा कम्तीमा पच्चीस प्रतिशत सदस्यहरुको उपस्थितिमा अधिवेशन बस्नेछ ।

### (६) बैठक सञ्चालन र स्थलगत :

(१)अध्यक्षले सभाको कार्यबोझलाई ध्यानमा राखी कार्यसूचि स्वीकृत गरी सभाको बैठक संचालन गर्नुपर्नेछ ।

(२) सभाको बैठक अध्यक्षले निर्धारण गरेको समय तालिका बमोजिम हुनेछ ।

(३) अध्यक्षले प्रत्येक बैठकको प्रारम्भ तथा  स्थलगतको घोषणा गर्नेछ ।

(४) सभाको अध्यक्ष बैठकमा उपस्थित हुन नसक्ने अबस्था उपप्रमुखले बैठकको अध्यक्षता गर्ने छ ।उपप्रमुख पनि उपस्थित हुन नसकेमा अध्यक्षले तोकेको सभाको सदस्यले बैठकको अध्यक्षता गर्ने गरी कार्यसूचिमा तोक्नुपर्नेछ ।

**(७) <u>कार्यसूचि र समयावधि प्रकाशन :</u>**

(१) अध्यक्षको निर्देशानुसार सभाको सचिवले कार्यसूचि र समय तालिका अनुसूचि १ बमोजिम तयार गर्नेछ तर त्यसको एक प्रति सामान्यतया अड्चालीस घण्टा अगावै प्रत्येक सदस्यलाई उपलब्ध गराईनेछ

तर विशेष परिस्थितिमा अध्यक्षको निर्देशानुसार बैठक बस्ने चौविस घण्टा अगावै कार्यसूचि तयार गरी त्यसको एक प्रति सदस्यलाई सभाको सचिवले उपलब्ध गराउन सक्नेछ ।

**(८) <u>समयावधि निर्धारण</u>** :

(१) अध्यक्षले बैठकमा पेश हुने बिषयमाथि छलफल गर्न समयावधि तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको समयावधि समाप्त भएपछि यस कार्यविधिमा अन्यथा लेखिएको मा बाहेक अध्यक्षले अन्य बिषयमा छलफल हुन नदिई सो बिषयको टुगों लगाउन आबश्यक सबै विधेयक वा प्रस्ताव निर्णयार्थ बैठकमा प्रस्तुत गर्नेछ ।

(९) <u>सभामा मतदान</u> :

(१) सभामा निर्णयका लागि प्रस्तुत गरिएको सबै विधेयक वा प्रस्तावको निर्णय उपस्थित सदस्यहरुको बहुमतबाट हुनेछ ।

(२) अध्यक्षता गर्ने व्यक्तिलाई मत दिने अधिकार हुने छैन ।

तर  मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले आप्नो निर्णायक मत दिनेछ ।

**(१०) <u>मर्यादित संशोधन</u> :** कुनै सदस्यले प्रस्तुत गर्ने विधेयक वा प्रस्तावमा कुनै आपत्तिजनक व्यंग्यात्मक अनाबश्यक ,अनुपयूक्त वा असम्बद्ध शब्द वा वाक्यांश प्रयोग भएको लागेमा अध्यक्षले त्यस्ता बिषय वितरण हुनुभन्दा अघि उपयूक्त संशोधन गर्न वा गराउन सक्नेछ ।

**(११) <u>बैठकको प्रारम्भ</u> :** सभाको बैठक कक्षमा अध्यक्ष आगमन भई राष्ट्रिय धुन बजे पछि बैठक प्रारम्भ हुनेछ ।

(१२) बैठकमा पालना गर्नुपर्ने अचरणहरुः (१)बैठकमा देहायका अचरणहरु पालना गर्नु पर्नेछ :

(क) अध्यक्ष बैठक कक्ष प्रबेश हुदा सबैले सम्मान प्रकट गर्न उठ्नुपर्ने छ ।

(ख) अध्यक्षले बैठकप्रति सम्मान  प्रकट गरी आप्नो आसन ग्रहण गर्नुपर्नेछ ।

(ग) बैठक स्थगीत भई अध्यक्ष सभाबाट बाहिर निस्के पछि मात्र अरु सदस्यहरुले बैठक कक्ष छाड्नुपर्ने छ ।

(घ) बैठकमा भाग लिन सदस्यले बोल्दा अध्यक्षलाई सम्बोधन गरेर मात्र बोल्नु पर्ट र अध्यक्षले अन्यथा आदेश दिएमा बाहेक उभिएर बोल्नु पर्नेछ ।

(ङ.) अध्यक्षले बैठकलाई सम्बोधन गरिरहेको समयमा कुनै सदस्यले स्थान छाड्नु हुदैन र अध्यक्षले बोलेको कुरा शान्तिपूर्वक सुन्नु पर्छ ।
(च) अध्यक्षले आसन ग्रहण गरिरहेको र बोलिरहेको अवस्थामा सदस्यको बिचबाट हिड्नु हुदैन ।
(छ) कुनै सदस्यले बोलिरहेको समयमा अशान्ति गर्न वा बैठकको मर्यादा भंग हुने वा अव्यवस्था उत्पन्न हुने कुनै काम गर्नु हुदैन ।
(ज) बैठक कक्षमा अध्यक्षको सामुन्ने बाट वारपार गरी हिड्न वा अध्यक्षको आसनतर्फ पिठ्यू फर्काएर बस्न हुदैन ।
(झ) बैठकको कार्यसंग प्रत्यक्ष रुपले सम्बन्धित बिषय बाहेक अन्य बिषयको पुसितक समाचारपत्र वा अन्य कागजातहरु पढ्नु हरदैन ।
(ञ) बैठक अबधिभरबैठक कक्षमा मोबाईल फोन बन्द गर्नपर्नेछ ।

(२) सभामा पालना गर्नुपर्ने अन्य आचरणहरु समय समयमा सभाले तोके बमोजिम हुनेछ ।

(१३) **<u>बैठकमा भाग लिने सदस्यले पालना गर्नुपर्ने नियमहरु :</u>** बैठकमा हुने छलफलमा भाग लिने सदस्यले देहायका नियमहरुको पालना गर्नु पर्नेछ ।

(क) अध्यक्षको ध्यानाकर्षण गर्नको निमित उठ्नु पर्नेछ र अध्यक्ष निजको नाम बोलाएपछि वा ईशारा गरेपछि मात्र बोल्नुपर्छ ।
(ख) यस कार्यबिधिको दफा ३५ बमोजिमका बिषयमा छलफल गर्नु हुदैन ।
(ग) अशीष्ट,अश्लील ,अपमानजनक वा कुनै आपत्तिजनक शब्द बोल्नु हुदैन ।
(घ) व्यक्तिगत आक्षेप लगाउनु हुदैन ।
(ङ.) बोल्न पाउने अधिकारलाई सभाको कार्यमा बाधा पार्ने मनसायले दरुपयोग गर्नु हुदैन ।
(च) सभा वा अध्यक्षको कुनै निर्णय बदर गरियोस भन्ने प्रस्तावमाथि बोल्दाको अबस्थामा बाहेक सभा अध्यक्षको कुनै पनि निर्णयको आलोचना गर्नु हुदैन ।
(छ) अध्यक्षले पद अनुकुल आचरण गरेको छैन भन्ने प्रस्तावको छलफलको क्रममा बाहेक अध्यक्षको आचरणको आलोचना गर्नु हुदैन ।
(ज) बैठकमा पालना गर्नु पर्ने अन्य नियमहरु सभाले तोके बमोजिम हुनेछ ।

(१४) **<u>छलफलमा बोल्ने क्रम</u> :** बैठकमा बोल्ने क्रम देहाय बमोजिम हुनेछ ।

(क) प्रस्ताव पेश गर्ने सदस्यले बोलिसकेपछि अध्यक्षले नाम बोलाएको वा इशारा गरेको क्रम बमोजिमको सदस्यले बोल्न पाउनेछ ।

(ख) अध्यक्षको अनुमति बिना कुनै सदस्यले एउटै प्रस्तावमा एकपटक भन्दा बढी बोल्न पाउने छेन्

(ग) प्रस्ताव पेश गर्ने सदस्यले उत्तर दिनको निमित छलफलको अन्त्यमा फेरी बोल१५न पाउनेछ ।सो प्रस्तावको सम्बन्धमा छलफलमा पहिले भाग लिएको वा नलिएको जेसुकै भएतापनि प्रस्तावक सदस्यले उत्तर दिई सकेपछि अध्यक्षको अनुमति नलिई फेरी बोल्न पाउने छैन ।

(१५) **<u>स्पष्ट पार्न माग गर्न सकिने :</u>**

(१) बैठकमा छलफल चलिरहेको समयमा सम्बन्धित बिषयमा कुनै सदस्यले कुनै कुरा स्पष्ट पार्न माग गर्न अध्यक्ष मार्फत अनुरोध गर्न सक्नेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अध्यक्षको अनुमति लिई कुनै सदस्यले सभाको जानकारीको लागि आफुसंग सम्बन्धित अन्य बिषयमा स्पष्ट जानकारी दिन सक्ने छ ।

तर त्यस्तो स्पष्ट जानकारी दिदा कुनै विवादस्पद बिषय उठाउन पाईने छैन र सो स्पष्ट जानकारी माथि कुनै छलफल गर्न पाईने छैन ।

**(१६) <u>निर्णयार्थ प्रस्ताव पेश गर्ने :</u>**

(१) सभाको कार्यसूचिको कुनै प्रस्तावमाथि छलफल समाप्त भएपछि सो प्रस्तावको पक्षमा हुने सदस्यहरुलाई हुन्छ । बिपक्षमा हुने सदस्यहरुलाई हुन्न तर तटस्थ रहन चाहने सदस्यहरुलाई मत सदन्न भन्ने शब्द सुनिने गरी उच्चारण गर्नु भनी अध्यक्षले कार्यसूचिका बिषयहरु क्रमशःनिर्णयार्थ पेश गर्ने ।

(२) उपदफा (१) बमोजिम प्रस्तावलाई निर्णयार्थ पेश गरेपछि अध्यक्षले हुन्छ वा हुन्न भन्ने सदस्यहरु मध्ये जुन पक्षको बहुमत भएको ठहर्‍याउछ ।सो कुराको घोषरा गर्नेछ ।

(३) अध्यक्षद्धारा कुनै प्रस्ताव निर्णयार्थ पेश गरिसकेपछि सो प्रस्तावमाथि छलफल गर्न वा संशोधन प्रस्तुत गर्न पाईने छ ।

**(१७) <u>सभाध्यक्षले निर्देशन दिने :</u>**

(१) बैठकमा अभद्र व्यबहार गर्ने सदस्यलाई आफ्नो व्यबहार नियन्त्रण गर्न अध्यक्षले चेतावनी दिए पछि त्यस्तो सदस्यले आफ्नो व्यबहारमाथि तुरुन्त नियन्त्रण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश पालना नगर्ने सदस्यलाई अध्यक्षले बैठकबाट बाहिर जान आदेश दिन सक्नेछ । आदेश पाएपछि त्यस्तो सदस्यले बैठक कक्षबाट तुरुन्त बाहिर जान पर्ने छ र निजले सो दिनको बांकी अवधिको बैठकमा उपस्थित हुन पाउने छैन ।

(३) उपदफा (२) बमोजिमको आदेश पाएपछि पनि त्यस्तो सदस्य बैठक कक्षबाट तरुन्त बाहिर नगएमा अध्यक्षले निजलाई कर्मचारी वा सुरक्षाकर्मीको सहयोग लिई बकाहिर निकाल्न सक्नेछ । त्यसरी निकालिएकोमा त्यस्तो सदस्यले त्यसपछिको तिन दिन सम्म सभाको बैठक वा कुनै समितिको बैठककमा भाग लिन पाउने छैन । यसरी निकालिएकोमा सभाको सचिवले सो कुराको सुचना सबै समितिलाई दिनेछ ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले बैंठक कक्षमा शान्ति, सुव्यबस्था तथा अनुसासन भंग गरेमा वा गर्न लागेमा वा सभाको प्रतिष्ठामा धक्का लाग्ने किसिमले बैठक कक्ष भित्र ध्वंसात्मक कार्य गरेमा वा बल प्रयोग गरेमा वा गर्न लागेमा वा कुनै भौतिक हानी नोक्सानी पुर्‍याएमा अध्यक्षले निजलाई बैठक कक्षबाट तत्काल निष्कासन गरी सदस्यलाई बढीमा सात दिन सम्मको लागि सभामा आउन नपाउने गरी र क्षति भएको भौतिक सामाग्रीको यर्थाथ क्षतिपूर्ति निजबाट भराउने आदेश दिन सक्नेछ ।

(५.) दफा (४) बमोजिम निष्कासीत भएको सदस्यले सो अवधिभर सभाको वा कुनै समितिको बैठकमा उपस्थित हुन पाउने छैन ।निजलाई तोकिएको क्षतिपूर्ति अध्यक्षले तोकको समयभित्र दाखिला गर्ने दायित्व सम्बन्धित सदस्यको हुनेछ ।

(६) यस दफा बमोजि कुनै सदस्य निष्काशित भएको वा फुकुवा भएको सूचना सभाको सचिवले सबै समितिलाई दिनेछ ।

**(१८) <u>कारवाहि फिर्ता हुन सक्ने</u> :** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि निष्काशित वा कारवाहीमा परेको सदस्यले चित्त बुझ्दो सफाई पेश गरेमा वा आफ्नो भुल स्वीकार गरी माफी मागेमा अध्यक्षले बैठकको राय बुझी त्यस्तो सदस्यलाई माफी दिई कारवाही फिर्ता लिन सक्नेछ ।

**(१९) <u>बैठक स्थगित गर्ने अधिकार</u>** : बैठक कक्षा भित्र अव्यबस्था भई वा हुन लागि बैठक नियमित रुपले सञ्चलन गर्न बाधा पर्ने देखिएमा अध्यक्षले सो दिनको कुनै समयसम्म वा आफुले तोकेको अवधिसम्मको लागि सूचना टाँस गरी बैठक स्थगित गर्नल सक्नेछ ।अध्यक्षले गरेको त्यस्तो स्थगन माथि कुनै सदस्यले प्रश्न उठाउन पाउने छैन

**(२०) <u>सदस्यको स्थान रिक्त रहेको अवस्थामा सभाको कार्य सञ्चालन</u>** : सभाको कुनै सदस्यको स्थान रिक्त रहेको अबस्थामा समेत सभाले आफ्नो कार्य सञ्चालन गर्न सक्नेछ र सभाको कारबाहिमा भाग लिन नपाउने कुनै व्यक्तिले भाग लिएको कुरा पछि पत्ता लागेमा प्रचलित कानुन विपरित बाहेकको कार्य अमान्य हुने छैन ।

**(२१) <u>सभाको निर्णयको अभिलेख र कार्यान्वयन</u>** :

(१) सभा र यसको समितिको निर्णय तथा कारबाहिको अधिलेख सभाको सचिवले व्यबस्थित रसुरक्षित राख्नु पर्नेछ ।

(२) सभा तथा यसका समितिको निर्णयको सक्कल अध्यक्षको आदेश बिना सभा वा सभा भवन बाहिर लैजन हुदैन ।

**(२२) <u>निर्णय प्रमाणित गर्ने :</u>**

(१) सभाको बैठकले गरेको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णय सुरक्षित राख्ने र कार्यान्वयन गर्ने गराउने कार्य सभाको सचिवले गर्नेछ ।

## परिच्छेद-३
## स्थानीय कानुन निर्णय गर्ने प्रक्रिया

(२३) **स्थानीय कानुन निमार्ण गर्दा विचार गर्नु पर्ने पक्षहरु :** (१) सभाले स्थानीय कानुन निमार्ण वा संशोधन गर्दा अन्य कुराको अतिरिक्त देहायको बिषयमा विचार गर्नु पर्नेछ।

(क) संबिधान बमोजिम आफ्नो अधिकारको बिषयमा पर्ने वा नपर्ने।

(ख) संबिधान संघिय कानुन तथा प्रदेश कानुनको व्यवस्था

(ग) त्यस्तो कानुन स्वच्छ , न्यायपूर्ण तथा तर्क संगत हुन वा नहुने

(घ) निमार्ण गर्न लागिएको स्थानीय कानुनको व्यबहारिक कार्यान्वियन हुन सक्ने वा नसक्ने

(ङ.) कानुन कार्यान्वयनको लागि आबश्यक पर्ने आर्थिक स्रोत तथा संस्थागत संरचना

(च) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त वा भएको आदेश

(छ) नेपाल सरकार ,संघिय संसद,प्रदेश सरकार वा प्रदेश सभाले त्यस्तै बिषयमा आधारभुत कानुन निमार्ण गरेको भए सोमा भएको व्यवस्था

(ज) नेपाल सरकार वा प्रादेशिक सरकारले नमुना कानुन उपलब्ध गराएको भए सोमा भएको व्बस्था।

(झ) नेपालले अन्तराष्यि स्तरमा जनाएको प्रतिवद्धता।

(ञ) सम्बन्धित स्थानीय तहले निमार्ण गरेको अन्य स्थानीय कानुनहरुसँगको तालमेल तथा सौहाद्रता,

(ट) जिल्लाभित्रका अन्य स्थानीय तह वा अन्य जिल्लासँग सिमाना जोडिएका स्थानीय तहको हकमा त्यस्ता जिल्लाका स्थानीय तहले बनाएको स्थानीय कानुनको व्यबस्था ,

(ठ) नगरकार्यपालिकाले निर्धारण गरेका अन्य आबश्यक बिषयहरु ,

(२) सभाले संविधानको अनुसूचि ९ को बिषयमा स्थानीय काननु निमार्ण गर्दा त्यस्तो बिषयमा संघिय संसद वा प्रदेश सभाले बनाएको कानुनको प्रतिकुल नहुने गरी निमार्ण गर्नेछ।

(३) एक स्थानीय तहबाट अर्को स्थानीय तहको क्षेत्रमा हुने बस्तु वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध गर्ने वा कुनै किसिमको भेदभाव गर्ने गरी स्थानीय कानुन निमार्ण गर्न हुँदैन।

(४) सभा वा कार्यपालिकाले एक आपसमा बाझिने गरी स्थानीय कानुन निमार्ण गर्न हुदैन।

(५) सभाले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले निर्देशिका वा दिग्दर्शन बनाई लागु गर्ने छ।

(२४) **आबश्यकताको पहिचान गर्ने :**

(१) कार्यपालिकाले विधेयक तर्जुमा गर्नु अघि त्यस्तो बिषयको कानुन निमार्ण गर्न आबश्यक रहे नरहेको बिषयमा आबश्यकताको पहिचान गर्नुपर्नेछ

(२) उपदफा (१) को प्रयोजनको लागि सम्बन्धित कार्यापालिकाले स्थानीय कानुन बनाउनु पर्ने आधार र कारण त्यस्तो बिषयमा संघिय वा प्रदेश कानुन भए नभएको जिल्ला भित्रका र अन्य छिमेकी स्थानीय तहमा त्यस सम्बन्धी स्थानीय कानुन निमार्ण भए नभएको स्थानीय कानुन तर्जुमाबाट हासील गर्न खोजिएको लाभ लागत र उपलब्धी ,स्थानीय कानुन कार्यान्वयनको लागि आबश्यक पर्ने संयन्त्र तथा आर्थिक स्रोत, त्यस्तो स्रोत जुटाउनको लागि आबश्यक व्यबस्था र विधेयकमा रहने मुख्य मुख्य प्रावधानको समेत विश्लेषण गरी संक्षिप्त अवधारणापत्र तयार गर्नु पर्नेछ।

(३) कानुनको संशोधनको लागि विधेयक तर्जुमा गर्दा संशोधन गर्नु परेको आधार र कारण सहितको दफाबार तीन महले विवरण तयार गर्नु पर्छ।

**(२५) <u>प्रस्ताव स्वीकारयोग्य छ वा छैन भन्ने निर्णय गर्ने :</u>** कुनै प्रस्ताव स्वीकार योग्य छ वा छैन भन्ने कुराको निर्णय अध्यक्षले गर्नेछ र त्यसरी निर्णय गर्दा अध्यक्षले कारण खुलाई प्रस्तावको कुनै अंश वा पुरै प्रस्ताव अस्वीकार गर्न सक्नेछ ।

**(२६) <u>विधेयक वा प्रस्ताव प्रस्तुत :</u>**

(१) बार्षिक आय र व्ययको अनुमान सहितको बजेट तथा सो सँग सम्बन्धित विनियोजित वा आर्थिक विधेयकहरु अध्यक्षबाट निर्धारित मिति र समयमा सभाको बैठकमा प्रस्तुत गर्नुपर्नेछ ।

(२) बार्षिक बजेट तथा अर्थ सम्बन्धी विधेयक वा प्रस्ताव कार्यपालिकाको प्रमुख आफैले वा निजले तोके बमोजिम उपप्रमुख वा कार्यपालिकाको सदस्यले मात्र प्रस्तुत गर्नुपर्नेछ ।अध्यक्षले बार्षिक बजेट आय व्यय विवरण तथा बजेट सभामा आफै पेश गर्ने भएमा सो समयमा उपप्रमुखले बैठकको अध्यक्षता गर्नेछ ।

(३) कुनै विधेयक वा प्रस्ताव अर्थ सम्बन्धी हो वा होईन भन्ने प्रश्न उठेमा सो प्रश्नको अन्तिम निर्णय गर्ने अधिकार अध्यक्षको हुनेछ ।

(४) अर्थ सम्बन्धि विधेयक वा प्रस्तावको अन्य प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(क) अर्थ सम्बन्धि विधेयक वा प्रस्तावमा छलफलका लागि अध्यक्षले स्वीकृत गरेको कार्यतालिका

(मिति र समय) सबै सदस्यलाई सभाको सचिवले उपलब्ध गराउनु पर्नेछ ।

(ख) बार्षिक बजेट सम्बन्धि विधेयक सभाको बैठकमा पेश भए पश्चात मात्र सबै सदस्यहरुलाई उपलब्ध गराईन्छ ।

(ग) अर्थ सम्बन्धि विधेयक वम प्रस्तावका सम्बन्धमा यस कार्यविधिमा उल्लेखित भएका बिषय बाहेक अध्यक्षले उपयूक्त ठहर्याएको प्रक्रिया अपनाईनेछ ।

(५) अर्थ सम्बन्धि विधेयक वा प्रस्ताव बाहेकका विधेयक वा प्रस्ताव कुनै सदस्यले कम्तीमा सात दिन अघि दर्ता गर्नुपर्नेछ ।

(६) अर्थ सम्बन्धि विधेयक वा प्रस्ताव बाहेकका विधेयक वा प्रसताव दर्ता भए पश्चात सभाको सचिवले सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

(७)विधेयक वा प्रस्ताव माथि छलफल र निर्णय हुने समयतालिका अनुसूचि -१ बमोजिम अध्यक्षले निर्धारण गरे बमोजिम हुनेछ ।

**(२७) <u>अर्थ सम्बन्धि पुरक अनुगमन</u>** (१) सभाबाट पारित चालु आर्थिक बर्षका लागि अर्थ सम्बन्धि ऐनले कुनै सेवाका लागि खर्च गर्न अख्तियारी दिएको रकम अपर्याप्त भएमा वा त्यस बर्षका लागि अर्थ सम्बन्धि ऐनले अख्तियारी नदिएको सेवामा खर्च गर्न आबश्यक भएमा वा अर्थ सम्बन्धि ऐनले अल्तियारी दिएको रकम भन्दा बढी खर्च हुन गएमा कार्यपालिकाको अध्यक्ष/प्रमुखले सभामा यस अघि प्रस्तुत गरिएको बजेटको सिद्धान्त र मार्गदशनको प्रतिकुल नहुने गरी पुरक अनुमान पेश गर्न सक्नेछ ।

(२८) **<u>विधेयक सभामा पेश गर्दा संलग्न गर्नु पर्ने विवरण</u> :** सभामा पेश गर्ने विधेयकका साथमा देहायको विवरण संलग्न गर्नु पर्ने छ ।

(क) विधेयकको उदेश्य र कारण सहितको विवरण ,

(ख) विधेयक ऐन बनेपछि आर्थिक व्ययभार हुने रहेछ भने त्यसको विस्तृत विवरण सहितको आर्थिक टिप्पणी

(ग) कुनै विधेयकमा नियम,कार्यविधि,निर्देशीका बनाउने वा अधिकार प्रयोजन गर्ने प्रावधान रहेको भए त्यसको कारण प्रत्यायोजित अधिकार अन्तर्गत बनाईने नियम,कार्यविधि वा निर्देशिकाको प्रकृति र सीमा तथा त्यसबाट पर्न सक्ने प्रभाव सम्बन्धी टिप्पणी ।

**(२९) <u>विधेयक दर्ता गराउनु पर्ने :</u>**

(१) सभाको अधिकार क्षेत्र भित्र पर्ने कुनै विषयमा कुनै सदस्यले विधेयक पेश गर्न चाहेमा विधेयक तयारी गरी सभाको बैठक बस्ने मिति भन्दा कम्तीमा पन्ध्र दिन अगाबै अध्यक्षलाई उपलब्ध गराई दर्ता गराउनु पर्ने छ ।

तर निर्वाचन पछिको प्रथम सभामा विधेयक पेश गर्ने समयावधि अध्यक्षले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१)बमोजिमको विधेयक प्रचलित कानुन अनुकुल नदेखिएमा वा यो कार्यविधि अनुकुल नभएमा अध्यक्षले उक्त विधेयक विधिसम्मत रुपमा पेश गर्ने प्रस्तावक सदस्यलाई दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२)बमोजिम अध्यक्षले आदेश दिए बमोजिम सभाको सचिवले प्रस्ताव दर्ता गर्नु पर्नेछ ।

(४) सभाको सचिवले अध्यक्षले आदेश दिएका विधेयक अनुसूचि २ बमोजिम दर्ताको अधिलेख छुट्टै राख्नुपर्नेछ

**(३०) <u>प्रस्ताव दर्ता गराउनु पर्ने :</u>**

(१) भाको अधिकारक्षेत्र भित्र पर्ने कुनै बिषयमा प्रस्ताव पेश गर्न चाहने सदस्यहरुले प्रस्ताव तयार गरी सभाको बैठक बस्नु भन्दा कम्तीमा सात दिन अगावै अध्यक्ष समक्ष पेश गर्नुपर्नेछ ।

तर निर्वाचनपछिको प्रथम सभामा प्रस्ताव पेश गर्ने समयावधि अध्यक्षले तोके बमोजिम हुनेछ ।

(२) त्यस्तो प्रस्ताव प्रचलित कानुन अनुकुल नदेखिएमा वा यो कार्यविधि अनुकुल नभएमा अध्यक्षले उक्त प्रस्ताव विधिसम्मत रुपमा पेश गर्न प्रस्तावक सदस्यलाई दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजािम अध्यक्षले आदेश दिए बमोजिम सभाको सचिवले प्रस्ताव दर्ता गर्नु पर्नेछ ।

(४) सभाको सचिवले अध्यक्षले आदेश दिएका प्रस्तावहरु दर्ताको अभिलेख अनुसूचि २ बमोजिम छुट्टै राख्नुपर्ने छ ।

**(३१) <u>सूचना बिना पनि प्रस्ताब पेश गर्न सकिने</u> :**

(१) यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भएतापनि अध्यक्षको अनुमति लिई देहायको कुनै प्रस्ताव सूचना बिना पनि पेश गर्न सकिनेछ र त्यस्तो प्रस्तावद्धारा कुनै विवादस्पद बिषय उठाउन पाईने छैन :

(क) धन्यवाद ज्ञापन गर्ने,
(ख) प्रस्ताव तथा संशोधन फिर्ता लिने ,
(ग) बधाई दिने वा शोक प्रकट गर्ने ,
(घ) छलफल वा बैठक स्थगित गर्ने ।
(ङ) बैठकको आवधि बढाउने ,
(च) छलफल समाप्त गर्ने ,

(२) उपदफा १ मा उल्लेखित प्रस्तावका सम्बन्धमा अध्यक्षको अनुमति प्राप्त भई बैठकमा प्रस्ताव पेश भएपछी अध्यक्षले उक्त प्रस्तावलाई बैठकको निर्णयाथ पेश गर्ने छ ।

**(३२) <u>विधेयक र प्रस्ताव वितरण</u> :** बार्षिक बजेट सम्वन्धि विधेयक कार्यपालिकाबाट स्वीकृत गरि सिधै सभामा पेश गरीनेछ । अन्य सवै विधेयक वा प्रस्ताव सभामा पेश गर्नु भन्दा कम्तीमा २४ घण्टा अगावै सवै सदस्यलाई सभाको सचिवले उपलब्धि गराउनु पर्नेछ ।

**(३३) <u>सुझाव संकलन र परिमार्जन :</u>**

(१) विधेयेक सस्यौदा भएपछि अध्यक्षलाई उपयुक्त लागेमा त्यस्तो विधेयकमा सार्वजनिक रुपमा वा वडा बाट वडावासिको सुझाव संकलन गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिम प्राप्त हुन आएको सुझावहरु सहितको प्रतिवेदन सम्बन्धित वडा समितिले कार्यपालिकालाई दिनु पर्नेछ ।

(३) उपदफा (२) विधेयकमा वडा समिति मार्फत प्राप्त हुन आएका सुझावहरुको अध्ययन गरी कार्यपालिकाले विधेकलाई आवश्यकता आनुसार परिमार्जन गर्नेछ ।

**(३४) <u>विधेयक वा प्रस्ताव सभामा पेश गर्नेः</u>** (१) अध्यक्षबाट स्वीकृत कार्यतालिका बमोजिम विधेयक वा प्रस्ताव प्रस्तुतकर्ता सदस्यले सभाको बैठकमा पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विधेयक पेश गर्दा विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयक पेश गर्नु परेको कारण, विधेयकबाट गर्न खोजिएको व्यवस्था र त्यसवाट प्राप्त गर्न खोजिएको उपलब्धिको बारेमा संक्षिप्त जानकारी दिदै विधेयकमा छलफल गरियोस भन्ने प्रस्ताव सभामा पेश गर्नु पर्नेछ ।

(३) विधेयक वा प्रस्ताव पेश गर्न तोकिएको सदस्य सभामा स्वयं उपस्थित हुन असमर्थ भएमा अध्यक्षले तोकेको कुनै सदस्यले विधेयक वा प्रस्ताव पेश गर्न सक्नेछ ।

**(३५) <u>संशोधन सम्बन्धी शर्तहरु</u>** : कुनै विधेयक वा प्रस्तावको सम्बन्धमा देहायका शर्तका अधिनमा रहि सदस्यले संशोधन पेश गर्न सक्नेछ ।

(क)मुल प्रस्तावको सिद्धान्त विपरित हुनु हुदैन ।
(ख) मुल प्रस्तावको कुरासंग सम्बन्द्ध तथा त्यसको क्षेत्रभित्रको हुनु पर्नेछ ।
(ग) बैठकले पहिले गरी सकेको निर्णयसंग बाझिने हुनु हुदैन ।
(घ) अस्पष्ट वा निरर्थक हुनु हुदैन ।

**(३६) <u>विधेयकमा दफाबार छलफल</u> : (१)** दफा २६,२७,२९ र ३० बमोजिमको विधेयक वा प्रस्ताव बैठकमा दफबार छलफलका लागि अध्यक्षले आबश्यक व्यबस्था गर्नुपर्नेछ ।यस्ता छलफलमा अध्यक्षले प्राप्त भई सकेका संशोधन विधेयक वा प्रस्तावलाई समेत समावेश गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छलफल समाप्त भए पश्चात विधेयक वा प्रस्तुतकर्ता सदस्यले अध्यक्षको अनुमतिले सभामा देहायको कुनै एक प्रस्ताव प्रसतुत गर्नुपर्ने छ :

(क) विस्तृत छलफलको लागि विधेयक वा प्रस्तावलाई सभाका समितिमा पठाइयोस्

(ख) विधेयक वा प्रस्ताव बैठकबाट पारित गर्न सक्नेछ।

तर समितिको बैठकमा पठाइने विधेयक वा प्रस्ताव सभाको दफाबार छलफल गरिनेछ ।

**(३७) <u>सभामा छलफल गर्न नपाईने बिषयहरु</u>** : (१) देहायका बिषयमा सभा वा समितिको कुनै बैठकमा छलफल गर्न पाईने छैन ।

(क) संविधान वा प्रचलित कानुन बाट निषेद गरिएको बिषय,
(ख) कानुनत : गोप्य रहने कुराहरु वा प्रकाशन गर्दा राष्ट्रिय हित विपरित हुने कार्य,
(ग) कार्यपालिकाको कुनै समितिको निर्णयको आलोचना गरिएका बिषय,
(घ) सभाको छलफलद्धारा स्पष्ट भएसकेको बिषय,
(ड.) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रचारको लागि कुनै व्यक्ति वा संस्थाको नाम आदि भएको बिषय्
(च) प्रैचलित कानुन बमोजिम स्थापीत भएको न्यायिक वा त्यसको पदाधिकारी , प्रचलित कानुन बमोजिम जाचबुझ गर्न,सुझाव दिन वा प्रतिवेदन पेश गर्न गठित आयोग वा समितिमा विचारधिन रहेको बिषय ,
(छ) ऐतिहासीक तथ्य वा कानुनको व्याख्या सम्बन्धि बिषय,
(ज) गैर सरकारी व्यक्तिको कुनै वक्तब्य सत्य वा होईन भन्ने बिषय,
(झ) अशिष्ट भाषा प्रयोग गरिएको,
(ञ) कार्यपालिकाको कुनै निर्णय वा कुनै कारवाही सम्बन्धी बिषयमा छलफल गर्दा राष्ट्रिय सुरक्षा,अखण्डता वा कुटनितिक सम्बन्ध जस्ता संवेदनशील बिषयहरुमा आच आउन सक्ने भनी कार्यपालिकाबाट प्रमाणित गरिएको बिषयमा समावेश भएको ,

**(३८) <u>समितिमा छलफल :</u>**

(१) दफा ३६ को उपदफा २ (क) बमोजिम विस्तृत छलफल गर्न सभाको समितिमा पठाईएकोमा समितिले त्यस्तो विधेयक वा प्रस्तावमा छलफल गर्दा विधेयकमा संशोधन पेश गर्न सदस्यहरुलाई संशोधन पेश गर्नु परेको आधार र कारण समेत खुलाई आफ्नो संशोधनको बिषयमा प्रष्ट गर्न समितिको बैठकमा समय दिनेछ

(२) उपदफा (१) बमोजिम संशोधनकर्ताले संशोधनको बिषयमा आफ्नो धारणा राखेपछि पेश भएका संशोधनका बिषयमा समेत समितिले दफाबार छलफल गरी त्यस्तो संशोधन स्वीकार गर्ने वा नगर्ने सम्बन्धमा विधेयक प्रस्तुतकर्ता सदस्यको समेत राय लिई आबश्यक निर्णय गर्नेछ ।

**(३९) समितिको प्रतिवेदन र बैठकमा प्रस्तुत :**

(१) समितिमा बिधेयक वा प्रस्ताव उपर छलफल समाप्त भएपछि समितिले गरेको सनिणर्य अनुरुप प्रतिवेदन तयार गरी समितिको संयोजक वा निजको अनुपस्थितीमा समितिले तोकेको सदस्यदले प्रतिवेदन सहितको विधेयक वा प्रस्ताव अध्यक्षको अनुमतिले सभाको बैठकमा पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन उपर छलफल समाप्त भएपश्चात विधेयक वा प्रस्ताव प्रस्तुतकर्ता सदस्यले अध्यक्षको अनुमतिमा विधेयक वा प्रस्ताव बैठकबाट पारित गर्न निर्णयार्थ पेश गर्नेछ ।

**(४०) विधेयक फिर्ता लिन सक्ने :**

(१) विधेयक प्रस्तुतकर्ता सदस्यले सभाको स्वीकृती लिई जुनसुकै अबस्थामा विधेयक वा प्रस्ताव फिर्ता लिन सक्ने छ ।

तर बार्षिक बजेट तथा आर्थिक ऐन सम्बन्धी विधेयक फिर्ता लिन सक्नेछैन

(२) विधेयक वा प्रसताव प्रस्तुतकर्ता सदस्यले विधेयक फिर्ता लिन अनुमति माग्ने प्रस्ताव पेश चाहेमा लिखित सूचना दिनुपर्नेछ ।

(३) विधेयक वा प्रस्ताव फिर्ता लिने प्रस्तावको कसैले बिरोध गरेमा प्रस्ताव गर्ने तथ बिरोध गर्ने सदस्यलाई अध्यक्षले आ -आफ्नो कुराहरु स्पष्ट पार्न संक्षिप्त वक्तव्य दिन अनुमति दिन सक्नेछ र त्यसपछि अरु छलफल हुन नदिई प्रस्तावलाई निर्णयार्थ पेश गर्ने छ ।

(४) विधेयक वा प्रस्ताव फिर्ता लिने अन्य प्रक्रिया अध्यक्षले निर्धारण गरे बमोजिम हुने छ ।

**(४१) संशोधन प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने अधिकार :**

(१) दफा २६,२७,२९,३० र३६ बमोजिम दर्ता भएको विधेयक वा प्रस्ताव उपर कुनै सदस्यले संशोधन पेश गर्न चाहेमा सभाको बैठक हुनु भन्दा कम्तीमा २४ घण्टा अगावै संशोधनको प्रस्ताव अध्यक्ष समक्ष पेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गरिने संशोधन स्वीकृत गर्ने वा नगर्ने अधिकार अध्यक्षको हुनेछ ।

(३) अध्यक्षले स्वीकृत गरेको संशोधन वा संशोधन सहितको प्रस्ताव वा मुल प्रस्तावलाई निर्णयार्थ पेश गर्नु भन्दा पहिले बैठकमा पढेर सुनाउनेछ ।यसरी निर्णयार्थ पेश गर्दा एक भन्दा बढि संशोधनहरु भएमा अध्यक्षले उपयूक्त ठहर्याएको कुनै एक संशोधन वा संशोधन सहितको प्रस्ताव वा मुल प्रस्तावलाई प्राथामिकता दिई गर्न सक्नेछ ।

(४)सभाको सचिवले अध्यक्षले अनुमति दिएका संशोधनहरुको विवरण सदस्यहरुलाई उपलब्ध गराउनेछ ।

**(४२) विधेयक पारित गर्ने प्रस्ताव सभाको निर्णयार्थ पेश गर्ने :**

(१) सभामा दफावार छलफल भएकोमा सो समाप्त भएपछि र समितिमा विस्तृत छलफल भएकोमा समितिको प्रतिवेदन उपर सभाको बैठकमा छलफल समाप्त भएपश्चात अध्यक्षको अनुमति लिई सभामा निर्णयार्थ विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयक पारित गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्ने छ ।

(२) उपदफा (१) बमोजिम विधेयक वा प्रस्तावमा पेश भएका संशोधनहरुलाई अध्यक्षको अनुमतिले बैठकमा निर्णयार्थ छुट्टै पेश गर्न सक्नेछ ।

(३) उपदफा १ र २ बमोजिम सभाको बैठकमा बहुमत सदस्यले स्वीकृत गरेमा विधेयक वा प्रस्ताव पारित भएको मानिनेछ ।

**(४३) विधेयकको पुनः प्रस्तुती** : एकपटक आहवान गरी बसेको सभाको बैठकमा पेश गरी अस्वीकृत भएको विधेयक सोही सभाको बैठकमा पुनः प्रस्ताव गरिने छैन ।

**(४४) विधेयक तर्दा अभिलेख राख्ने** : सभमा पेश गर्ने प्रयोजनको लागि अध्यक्ष समक्ष पेश भएका विधेयक सभाको सचिवले अनुसूचि २ बमोजिम दर्ता गरी विधेयकमा भएको कार्यवाहिको अध्यावधिक लगत तयार गरी राख्नु पर्ने छ ।

**(४५) सामान्य क्रुटी सुधार :** अध्यक्षले सभाबाट पारित भएको विधेयक वा प्रस्तावमा दफाहरुको संख्यको क्रम मिलउने तथ भाषागत सुद्धता कायम राख्नु पर्नेछ ।

**(४६) विधेयक प्रमाणिकरणको लागि अद्यावधिक प्रति तयार पार्ने :**

(१) दफा ४२ बमोजिम सभाबाट पारित भएको विधेयकलाई सभाको सचिवले पारित भएका संशोधन तथा अनुषंगिक मिलान भए त्यस्तो मिलान गरी विधेयक पारित भएको मिति समेत उल्लेख गरी प्रमाणिकरणको लागि नेपाली कागजमा चार प्रति तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरीएको विधेयकमा बर्षगत नम्बर समेत उल्लेख गरी सभाको सचिवले प्रमाणिकरणको लागि अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।

**(४७) विधेयक प्रमाणिकरण र प्रकाशन तथा बिक्री बितरण :**

(१) सभाबाट पारित भई दफा ४६ को उपदफा (२) बमोजिम पेश भएको पहिलो र अन्तीम पृष्टमा पुरा नाम थर तथा पद समेत उल्लेख गरी प्रत्यक पृष्ठमा हस्ताक्षर गरी अध्यक्षले प्रमाणीकरण गर्नेछ । त्यसरी प्रमाणिकरण गर्दा मिति र विधेयकको पृष्ठ संख्या समेत खुलाउनु पर्ने छ ।

(२) सभाबाट पारित विधेयक उपदफा (१) बमोजिम प्रमाणिकरण भएपछि लागु हुनेछ ।

(३) उपदफा (१) बमोजिम विधेयक प्रमाणिकरण भएको जानकारी सभामा दिनु पर्छ ।

(४) उपदफा (१) बमोजिम प्रमाणिकरण भएको विधेयकको एक प्रति सभाको अभिलेखमा राखी अर्को एक एक प्रति कार्यापालिकाको कार्यालय, वडा समिति र संघ र प्रदेशको सम्पर्क मन्त्रालयमा पठाउनु पर्नेछ ।

(५)उपदफा १ बमोजिम प्रमाणिकरण भएको विधेयक प्रकाशन गरी कार्यपालिकाको वेवसाईटमा समते राख्नु पर्नेछ ।

(६) सभाले पारित गरेको विधेयक प्रमाणिकरण भएपछि त्यसका मुख्य मुख्य ब्यबस्थाको बारेमा स्थानीय संचार माध्यम वा अन्य कुनै तरिकाबाट प्रचार प्रसार गर्नुपर्नेछ ।

(७) कसैले स्थानीय कानुन खरिद गर्न चाहेमा कार्यपालिकाको कार्यलय र वडा समितिको कार्यलयबाट लागत दस्तुर तिरी खरिद गर्न सक्नेछ ।

**(४८) <u>समिति गठनल गर्न सक्ने :</u>**

(१) कार्यपालिकालाई सभाप्रति उत्तरदायि बनाउन, स्थानीय कानुन निमार्ण प्रक्रियालाई व्यबस्थित बनाउन तथा कार्यपालिकाबाट भएका कारवाहीको अनुगमन र मुल्याङ्कन गरी आबश्यक निर्देशन दिन समेत प्रयोजनको लागि देहाय बमोजिमको समिति गठन गर्न सक्नेछ ।

(क) विधेयक समिति

(ख) लेखा समिति

(२) उपदफा १ बमोजिमको प्रत्येक समितिमा बढिमा तीन जना सदस्यहरु रहनेछन । समितिमा रहने सदस्यहरु बिष्यगत अनुभव वा विज्ञताका आधारमा अध्यक्षले प्रस्ताव बमोजिम सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम गठन हुने समितिको संयोजक अध्यक्षले तोके बमोजिम हुनेछ ।संयोजक बैठकमा उपस्थित नभएमा समितिले तोकेको सदस्यले बैठकको बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको सचिवको कार्य कार्यपालिकाको बिषयगत शाखा प्रमुखले गर्नेछ ।

(५) समितिको बैठकको गणपुरक संख्या कम्तीमा दुई जन हुनुपर्नेछ ।

(६) समितिको निर्णय बहुमतबाट हुनेछ ।

फ्सक्नेछ ।आमन्त्रित सदस्यले बैठकको निर्णयमा मत दिन पाउनेछ ।

(८) उपदफा १ बमोजिम समितिले आफुले गरेको कामको बार्षिक प्रतिवेदन सभसमक्ष पेश गर्नुपर्ने छ ।

**(४९) <u>स्थानीय कानुनको एकीकृत अद्यावधिक अभिलेख राख्नुपर्ने</u>** :

(१)सभाको सचिवले अनुसूचि ३ बमोजिमको ढाँचामा सभाले बनाएको कानुनको एकीकृत र अद्यावधिक विवरण तयार गरी राख्नु पर्नेछ ।

(२) कार्यपालिककाको स्थानीय कानुनको बर्षगत र बर्णानुक्रममा अद्यावधिक विवरण तयार गरी राख्नु पर्नेछ ।

(३) स्थानीय कानुनमा संशोधन भएमा त्यस्तो संशोधन समेत मिलाई कार्यपालिकाले अद्यावधिक विवरण तयार गरी राख्नु पर्नेछ ।त्यसरी अद्यावधिक गरीएहो स्थानीय कानुन स्थानीय तहको वेवसाईसटमा समेत राख्नु पर्नेछ ।

(४) उपदफा १ बमोजिम राखिएको अभिलेख कसैले अबलोकन गर्न चाहेमा सुरक्षित रुपमा अबलोकन गर्न दिनु पर्नेछ ।

**(५०) <u>कानुन निमार्ण प्रक्रिया सम्बन्धी अन्य व्यबस्था</u> :** स्थानीय कानुन निमार्ण वा संशोधन सम्बन्धि अन्य प्रक्रिया प्रचलित कानुन अनुकूल सभाले आँफै निर्धारण गरे बमोजिम हुनेछ ।

**(५१) <u>सभाको सचिवको अधिकार</u>** : सभाको सचिवले सभाको वा कुनै समिति वा उपसमितिको बैठकमा प्रबेश गर्न र बैठकमा कार्यरत कर्मचारीलाई निर्देशन दिन वा नियन्त्रण गर्न वा बैठकले मागेको कार्यविधि सम्बन्धि सल्लाह दिन सक्नेछ ।

बारबर्दिया नगरपालिका

## परिच्छेद–४

## जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धी व्यवस्था

**(५२) जिल्ला सभाको गणपुरक संख्या :** जिल्ला सभाको बैठकमा सभामा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशतभन्दा बढि सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

**(५३) जिल्ला सभाको कार्यसञ्चालन सम्बन्धी कार्यविधि** : जिल्ला सिभाको बैठक तथा कार्य सञ्चालन सम्बन्धी अन्य व्यवस्था जिल्ला सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**(५४) जिल्ला समन्वय समितिको बैठक :** (१) जिल्ला समन्वय समितिको बैठक आबश्यकता अनुसार बस्नेछ ।

(२) जिल्ला समन्वय समितिको बैठक समितिको प्रमुखले तोकेको मिति,समय र स्थानमा बस्नेछ ।

(३) जिल्ल समन्वय मितिको सचिवले समितिको बैठक बस्ने सूचना कम्तीमा सात दिन अगावै समितिका सदस्यहरुलाई दिनुपर्ने छ र त्यस्तो सूचनाको साथमा बैठकमा छलफल हुने बिषयहरुको सूचि समेत संकलन गर्नु पर्नेछ ।

(४) जिल्ला समन्वय समितिमा  तत्काल कायम रहेको संख्याको पचास प्रतिशत भन्दा बढि सदस्यले उपस्थित भएमा समितिको गणपुरक संख्या पगुको मानिनेछ ।

(५) जिल्ला समन्वय समितिको बैठकको अध्यक्षता समितिको प्रमुले गर्नेछ र निजको अनुपस्थितिमा वा जिजको पद रिक्त रहेको अबस्थामा जिल्ला समन्वय समितिको उपप्रमुखले बैठकको अध्यक्षता गर्नेछ ।

(६) जिल्ला समन्वय समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) जिल्ला समव्न्वय समितिको निर्णय समितिको प्रमुखद्धारा प्रमाणित गरिनेछ ।

(८) जिल्ला समन्वय समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ

**(५५) जिल्ला सभा तथा जिल्ला समन्वय समितिको निर्णयक अभिलेख र कार्यान्वयन** :

(१) जिल्ला सभा तथा जिल्ल समन्वय समितिको निर्णय तथा कारवाहीको अभिलेखहरु जिल्ल समन्व्य समितिको अध्यक्ष वा प्रमुखले तोकेको पदाधिकारी वा सभाको ससचिवले सुरक्षित राख्नु पर्नेछ ।

(२) उपदफा (१)बमोजिम राखिने अभिलेखहरु समन्वय समिति प्रमुखको आदेश विन जिल्ला समन्वय समितिको सचिवालय भवनबाट बाहिर लैजान हुदैन ।

## परिच्छेद-५

## विविध

**(५६) सभालाई संशोधन :**

(१) नेपाल सरकारका मन्त्रिपरिषद्कां सदस्य,प्रमुख तथा प्रदेश सरकारका मन्त्रिपरिषद्का सदस्यलाई सभा अध्यक्षले सभाको बैठकलाई विशेष संवोधन गर्न अनुरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्बोधनको लागि अपनाईने प्रक्रिया अध्यक्षले तोके बमोजिम हुनेछ ।

**(५७) प्रवेश नियमित गर्ने अधिकार :**

(१) सभको बैठकमा प्रवेश नियमित गर्ने अधिकार अध्यक्षको हुनेछ ।

**(५८) आन्तरीक दिग्दर्शन :** सभाको स्वीकृत लिई अध्यक्षले आबश्यकता अनुसार आन्तरीक दिग्दर्शन बनाउन सक्नेछ ।

(१) यस कार्यविधिको अन्तिम ब्यख्या गर्ने अधिकार अध्यक्षलाई हुनेछ र निजको निर्णय अन्तिम हुनेछ ।

(२) त्यस्तो निर्णयको जानकारी बैठकलाई दिनु पर्नेछ ।

(३) यो कार्यविधिको प्रयोग गर्दा प्रक्रियागत बाधा अड्काउहरु फुकाउने अन्तिम अधिकार अध्यक्षलाई हुनेछ । यसरी जारी भएका आदेश वा निर्देशनहरु यस कार्यविधिमा परे सरह मानी कार्यान्वनमा आउनेछ ।

**(५९) सभको सचिवको काम लगाउन सक्ने :** सभाको सचिव उपस्थित नभएमा यस कार्यविधिमा सभाको सचिवले गर्ने भनी तोकिएको कार्यहरु अध्यक्षले तोकेको अन्य अधिकृत स्तरका कर्मचारीले गर्नेछ ।

**(६०) अनुपस्थितिको सूचना** :

(१) कुनै सदस्य लगातार दुई वटा वा सो भन्दा बढी सभको बैठकमा अनुपस्थित रहनु पर्ने भएमा तत्सम्बन्धी अग्रीम सूचना अध्यक्षलाई दिनुपर्नेछ ।

**(६१) *पालना गर्नु पर्ने आचार संहिता :*** सभाको पदाधिकारी तथा सदस्यले संविधान तथा कानुन बमोजिमको उत्तरदायित्व पुरा गर्ने तथा निजहरुको काम कारवाहीमा सार्वजनीक बिश्वास कायम गर्न सभाबाट स्वीकृत आचार संहिताको पालना गर्नेछन् । आचार संहिताको नमुना स्थानीय तहको सम्पर्क मन्त्रालय मार्फत उपलब्ध गराउनेछ । यस्तो आचार संहिता सभाले पारीत गरी लागु गर्न स्थानीय तहको कर्तव्य हुनेछ ।

**(६२) अधिबेशनको अंग नमानिने :** सभाको अबिधेशन प्रारम्भ हुनु पुर्व र भैसकेपछि अन्त्य नभएसम्मको अवधिमा आयोजना हुने उद्घाटन,स्वागत,सम्मान तथा अभिनन्दन जस्ता क्रियाकलापलाई सभाको अंग मानिने छैन ।

**(६३) शान्ति सुरक्षा सुव्यवस्था कायम राख्ने :** नगर सभा संञ्चालन अवधिभर सभाको सुरक्षार्थ अध्यक्षले सुरक्षा निकायको सहयोग अनुरोध गरेमा अविलम्ब सुरक्षा उपलब्ध गराउनु सम्बन्धित सुरक्षा निकायको कर्तव्य हुनेछ ।

## <u>अनुसूचि - १</u>

**(कार्यविधिको दफा ७ को उपदफा (१) सँग सम्बन्धित )**

**नगरपालिका**

**नगरसभा**

**कार्यसूचि र समय तालिका**

बैठक संख्या : बैठक स्थान :

अध्यक्षता :

| मिति | बैठक बस्ने समय | कार्यसूचि | कार्यसूचि प्रस्तुतकर्ता | कैंफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**छलफलको समय**

| मिति | बैठक बस्ने समय | कार्यसूचि | प्रस्ताव प्रस्तुकर्ताको नाम | छलफलमा बोल्ने सदस्यको नाम र तोकिएको समय | | कैंफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

# अनुसूचि - २

(कार्यविधिको दफा २९ को उपदफा (४) सँग सम्बन्धित)

नगरपालिकाको नगर सभमा प्रस्तुत कानुनको अभिलेख

नगरपालिकाको नगरसभा

| दर्ता नं. | विधेयकको नाम | दर्ता मिति | मुल-संशोधन | प्रस्तुतकर्ता | वितरण मिति | सभामा प्रस्तुत मिति | दफावार छलफल | पारित मिति | प्रमाणिकरण मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**अभिलेख तयार गर्नेको**

दस्तखत :

नाम थर :

पद :

मिति :

**अभिलेख जाँच गर्नेको**

दस्तखत :

नाम थर :

पद :

मिति

बारबर्दिया नगरपालिका

# अनुसूचि - ३

(कार्यविधिको दफा ४९ को उपदफा (१) सँग सम्बन्धित)

नगरपालिकाको नगरसभा स्वीकृत कानुनको अभिलेख

बारबर्दिया नगरसभा

| दर्ता नं. | विधेयकको नाम | सभाबाट स्वीकृत भएको मिति | संशोधन भएको भए सोको मिति | सभामा प्रस्तुत मिति | पारित मिति | प्रमाणिकरण मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

बारबर्दिया नगरपालिका